मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/१२/०३

भाग- २

## मष्टा गाउँपालिका

## एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सुची तथा सोको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (२)को खण्ड (ज)को उपखण्ड (१६) मा व्यवस्था भएको निशुल्क रुपमा प्रत्येक वर्ष गाउँपालिकाले एक जना एम.वि.वि.एस. डाक्टर उत्पादन गरी गाउँबासीहरुलाई दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाको जेहेन्दार विद्यार्थी प्रोत्साहन गर्न र मष्टा गाउँपालिकाको काम,कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गरी संस्थागत विकास गर्ने वाञ्छनीय देखिएकाले, स्थानीय

सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी मष्टा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "एम.वि.वि.एस. अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि,२०८०" रहेको छ ।

(ख) यो कार्यविधि मष्टा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागुहुनेछ ।

**२. परिभाषा र व्याख्याः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका अध्यक्ष" भन्नाले मष्टा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा कार्यविधि,२०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले मष्टा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(घ) "प्रमखु प्रशासकिय अधिकृत" भन्नाले मष्टा गाउँपालिका प्रमखु प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "शिक्षा अधिकृत" भन्नाले मष्टा गाउँपालिका का शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमखुलाई सम्झनु पर्छ र सो शव्दले प्रमखु प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समतेलाई सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले मष्टा गाउँपालिका लाई सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले मष्टा गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ज) "सभा" भन्नाले मष्टा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(झ) "वडा" भन्नाले मष्टा गाउँपालिका, अन्तर्गतका वडाहरुलाई सम्झनु पर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले यस कार्यविधिको दफा १७ मा व्यवस्था भएको एम.वि.वि.एस. अध्ययन छात्रवृति व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद २

## एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्बन्धि व्यवस्था

**३. एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराइनेः**

(१) आयोगबाट संचालन एकिकृत प्रवेश परीक्षा (एम.वि.वि.एस.) उतिर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने एकजना जेहेनदार विद्यार्थीलाई एम.वि.वि.एस. अध्ययन छात्रवृति उपलब्ध गराइनेछ ।

(२) गाउँपालिका क्षेत्र भित्रका दुई वा सो भन्दा बढी विद्यार्थीहरुले उपदफा (१) बमोजिम संचालन हुने एकीकृत प्रवेश परीक्षा (एम.वि.वि.एस.) उत्तिर्ण गरेमा उतिर्ण नतिजाको एकीकृत योग्यताक्रमको सचूीमा रहेको एकजना विर्घाथीलाई एम.वि.वि.एस. अध्ययन छात्रवृति उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिमको अवस्था गाउँपालिका, क्षेत्रभित्र नरहेमा छात्रवृतिको कोटा उक्त वर्ष खारेज हुनेछ ।

(४) एम.वि.वि.एस. अध्ययन छात्रवृति व्यवस्थापन समितिबाट छनौट भएको तथा कार्यपालिकाबाट अनुमोदित विद्यार्थीको अध्ययन अवधिभर गाउँसभाबाट विनियोजित भएको छात्रवृति रकम सोही विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

**४ एकीकृत प्रवेश परीक्षा (एम.वि.वि.एस.) उत्तिर्ण विद्याथीले एम.वि.वि.एस.छात्रवृति पाउन आवेदन गर्नुपर्नेः**

दफा ५ मा व्यवस्था भए बमोजिमको छात्रवृतिमा आवेदन गर्न योग्य विद्यार्थीले एकीकृत प्रवेश (एम.वि.वि.एस.) को नतिजा सार्वजनिक भएको मितिले सात दिनभित्र आयोगबाट प्रकाशित एकीकृत योग्यताक्रमको सूची र देहायका कागजात सहित समितिमा आवेदन गर्नुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

(ख) एस.इ.इ.र आई. एस्सी. तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

(घ) समितले तोकेका अन्य आवश्यक कागजातहरु ।

**५. छात्रवृति उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव आशयको सूचना प्रकाशित गर्नुपर्नेः**

(१) समितले दफा १३ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी छात्रवृतिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा(१)बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कही कतैबाट दावि विरोध गर्न आएमा समितले त्यस्तो दावि विरोध उपर समेत गहन छलफल गरी यस कार्यविधिको दफा १२ बमोजिमको छात्रवृतिका लागि योग्य देखाएका एक जना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनौटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम सिफारिस भई आएको एकजना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एम.वि.वि.एस. अध्ययन छात्रवृति उपलब्ध गराइनेछ।

**६. कबुलियतनामा गर्नुपर्नेः**

यस कार्यविधि बमोजिम एम.वि.वि.एस. अध्ययन छात्रवृतिमा छनोट भएको विर्द्याथीले अध्ययन सम्पन्न भए पश्चात कम्तीमा पाँच वर्षसम्म गाउँपालिकामै रही सेवा गर्नेगरी अध्ययनमा जानु अघि नै अनसुची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्न पर्नेछ ।

**७. छात्रवृति वापतको रकम बैक खाता मार्पत भुक्तानी गरिनेः**

(१) यस कार्यविधि बमोजिम (एम.वि.वि.एस.) अध्ययन छात्रवृतिमा छनौट हुने विर्द्याथीका लागि सम्बन्धित शिक्षण संस्थामा लाग्ने भनी आयोगबाट निर्धारण गरिएको भर्ना शुल्क, रजिष्ट्रेशन शुल्क,मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

**द्रष्टव्यः** (यस परिच्छेदमा उल्लेखित“गाउँपालिका क्षेत्र भित्रको स्थायी बसोबास” भन्नाले आयोगबाट प्रत्येक वर्ष संचालन हुने एकीकृत प्रवेश परिक्षा (एम.वि.वि.एस.) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर मष्टा गाउँपालिका भित्र स्थायी रुपमा बसोबास भएको सम्झनु पर्छ।

## परिच्छेद ३

## एम.वि.वि.एस.अध्ययन छात्रवृति व्यवस्थापन समिति

**८. एम.वि.वि.एस.अध्ययन छात्रवृति व्यवस्थापन समितको गठनः**

(१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन छात्रवृति सम्बन्धी कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक एवं व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृति व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमखु प्रशासकिय अधिकृत- सदस्य

(घ) कार्यपालिका मातहतको सामाजिक विकास समितका संयोजक - सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय (मा. वि. स्तर) का प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(च) गाउँपालिका क्षेत्र भित्रका शिक्षाविदहरु मध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित ३ (तीन) जना - सदस्य

(छ) शिक्षा,युवा तथा खलकुद शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा(१) को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि ४ (चार) वर्षको हुनेछ ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**९. छात्रवृति व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम,कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृति व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभत्रको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी व्यवस्थालाई दीर्घकालीन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) गाउँपालिका,क्षेत्रभित्रको सर्वाङ्गीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनिशक्तको आंकलन गरी स्थानीय स्तर मै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको एम.वि.वि.एस. अध्ययन छात्रवृति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) एम.वि.वि.एस. अध्ययन छात्रवृति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु बिच आवश्यक समन्वय गर्ने,

(ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने,

(च) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने।

## परिच्छेद ४
## एम.वि.वि.एस. अध्ययन छात्रवृति कोष सम्वन्धि व्यवस्था

**१०. छात्रवृति कोषः**

(१) यस कार्यविधिले व्यवस्था गरे बमोजिमको एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराउन एंव कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न गाउँपालिकामा एउटा छुट्टै एम.वि.वि.एस. अध्ययन छात्रवृति कोष रहनेछ ।

(२) उपदफा(१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क)एम.वि.वि.एस. अध्ययन छात्रवृति कार्यक्रम संचालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड (क) बमोजिमको कार्यको लागि दातृ निकाय, विकास साझदोर गरैसरकारी संघ संस्थाहरु तथा व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराउने रकम,

(ग) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(३) उपदफा(१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र गर्न सकिनेछ ।

**११. कोषलाई दिगोपना गरिनेः**

स्थानीय सरकार संचालन ऐन, २)७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनमुान तथा बजटे सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन छात्रवृति सम्बन्धी कार्यक्रम संचालनका लागि स्थापित छात्रवृति कोषमा एक आर्थिक वर्षभरिमा हुन सक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजटे सिलिङ कायम गरी कोषर्लाई दिगोपना कायम गर्नुपर्नेछ ।

**१२. कोषको खाता संचालनः**

कोषको खाता संचालन प्रमखु प्रशासकीय अधिकृत र निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३. कोषको लेखापरीक्षणः**

कोषको आय र व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**१४. दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध नगराइनेः**

यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृतिको नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै निकायबाट छात्रवृति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध गराइने छैन ।

**१५. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः**

समितिले यस कार्यविधिले लक्षित गरेको सम्पुर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१६. अधिकार प्रत्यायोजन गर्न सक्नेः**

(१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केही काम,कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केही अधिकार अध्यक्ष र उपाध्यक्ष र प्रमखु प्रशासकीय अधिकृतलाइ प्रत्यायोजन गर्नसक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा अड्चन फुकाउन सक्नेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित काननू बमोजिम हुनेछ ।

**१९ नियम, निर्देशिका, मापदण्ड कार्यविधि बनाउन सक्नेः**

यस कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्ने कार्यपालिकाले आवश्यक नियम र निर्देशिका र मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

**२०. संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१
## (दफा ६ सँग सम्बन्धित)

मष्टा गाउँपालिकाको एम.वि.वि.एस.अध्ययन छात्रिवृति सम्बन्धी कार्यविधि,२०८० को दफा ६ मा व्यवस्था भएको एम.व.वि.एस.अध्ययन छात्रवृतिका लाग छनौट भएका मष्टा गाउँपालिका वडा नं................स्थायी निवासी श्री...................ले मष्टा गाउँपालिका सँग गर्को कबुलियतनामा बझाङ्ग जिल्ला मष्टा गाउँपालिका, वडा नं..........स्थायी निवासी श्री................नाती/नातिनि,श्री............को छोरा/छोरी वर्ष ......को म श्री................ले मष्टा गाउँपालिकाको एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्बन्धि कार्यविधि,२०७० बमोजिम व्यवस्था भएको एम.वि.वि.एस.अध्ययन छात्रवृतिका लागि छनौट भई श्री................(शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २०../.../....देखि संचालन हुने एम.वि.वि.एस.अध्ययन कार्यक्रममा जान लागेकोले मैले मष्टा गाउँपालिकाको एम.वि.वि.एस अध्ययन सम्बन्धि कार्यविधि,२०८० को दफा ६ अनसुार मष्टा गाउँपालिका बझाङ्ग सँग देहाय बमोजिम यो कबलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मिति भित्र श्री................(शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पुर्ण रुपमा पालना गनेछु।

(ख) उल्लेखित छात्रवृति कार्यक्रम संचालनका लागि मष्टा गाउँपालिकाको छात्रवृति सम्बन्धि कार्यविधि, २०७० को पुर्ण रुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात कम्तीमा ५ वर्ष मष्टा गाउँपालिकामा रहि अनिवार्य सेवा गर्नेछु।

(घ) काबु भन्दा वाहिरको परिस्थिति बाहके मेरो निजी कारणले अध्ययन पुरा नगरी बिचमै छोड्ने छैन ।मलै यसअघि कुनैपनि सरकारी स्तरको निकायबाट यही विषयमा छात्रवृति र दोहोरो सुविधा समते लिएको छैन । अध्यय गरे पश्चात गाउँपालिकाले खटाएको स्थानमा काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लेखित व्यवस्था एवम् कार्यविधिमा भएको व्यवस्था विपरित कुनै कार्य गरेको प्रमाणित भएमा मष्टा गाउँपालिकाले छात्रवृतिको रुपमा म माथि गरेको सम्पुर्ण लगानी रकम तथा सो मा मष्टा गाउँपालिकाले निर्धारण गरे बमोजिमको ब्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नका लागि मञ्जुर छु।

(च) अध्ययन पश्चात मष्टा गाउँपालिकामा रहेको अस्पतालको नियमानसुारको सम्पुर्ण तलब स्केलको आधा तलब स्केलमा सेवा दिनेछु।

| **कबुलियतनामा गराउने अधिकारीको** | **कबुलियतनामा गर्ने विद्यार्थीको** |
|---|---|
| दस्तखतः | दस्तखत |
| नाम,थरः | नाम,थरः |
| पद | पद |
| मिति | मिति |
| | ल्याप्चे |

| दायाँ | वायाँ |
|---|---|
| | |

रोहवरमा बस्नेः

सम्बन्धित वडाका जनप्रतिनिधिको नामथरः

हस्ताक्षरः

विद्यार्थीका अभिभावकको नामथर र ठेगानाः

हस्ताक्षरः

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको नामथरः

हस्ताक्षरः

मिति......................

**आज्ञाले**

**प्रमाणीकरण मिति २०८०।०९।२०**

**रमेश कुमार खड्का**

**नि.प्रमुख प्रशासकीय अधिकृत**